# सेवा व्यापार सम्बन्धी राष्ट्रिय एकीकृत रणनीति, २०८३

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

२०८३

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## पृष्ठभूमि

विश्व अर्थतन्त्रमा सेवा क्षेत्रको महत्व निरन्तर रूपमा बढ्दै गएको छ। सूचना तथा सञ्चार प्रविधिको तीव्र विकास, कृत्रिम बौद्धिकता (Artificial Intelligence) को विस्तार, डिजिटल प्रविधिको व्यापक प्रयोग तथा विश्वव्यापी मूल्य शृङ्खलामा आएको परिवर्तनका कारण सेवा व्यापार विश्व व्यापारको सबैभन्दा तीव्र गतिमा विस्तार हुने क्षेत्रका रूपमा स्थापित हुँदै गएको छ। परम्परागत रूपमा पर्यटन, यातायात, वित्तीय सेवा, शिक्षा, स्वास्थ्य तथा सञ्चार सेवामा केन्द्रित रहेको सेवा व्यापार अहिले सूचना प्रविधि, Business Process Outsourcing (BPO), ज्ञानमा आधारित सेवा (Knowledge-based Services), सिर्जनात्मक उद्योग, व्यावसायिक परामर्श सेवा तथा डिजिटल माध्यमबाट आपूर्ति हुने सेवाहरू (Digitally Delivered Services) तर्फ तीव्र रूपमा विस्तार भइरहेको छ।

विश्व व्यापार संगठन (WTO) का अनुसार सन् २०२४ मा विश्वको कूल व्यापारमा सेवा व्यापारको हिस्सा करिब २५ प्रतिशत पुगेको छ भने विश्वको कूल गार्हस्थ्य उत्पादन (GDP) मा सेवा क्षेत्रको योगदान करिब ६७ प्रतिशत रहेको छ। पछिल्ला वर्षहरूमा सेवा व्यापारको वृद्धिदर वस्तु व्यापारको तुलनामा उच्च रहेको देखिन्छ, जसले आगामी दशकमा विश्व व्यापारको प्रमुख हिस्साको रूपमा सेवा क्षेत्र स्थापित हुने संकेत गर्दछ। ज्ञान, नवप्रवर्तन तथा डिजिटल प्रविधिमा आधारित सेवा व्यापारले तुलनात्मकरूपमा उच्च मूल्य अभिवृद्धि, कम वातावरणीय प्रभाव तथा दिगो आर्थिक वृद्धिमा योगदान पुर्‍याउने भएकाले अधिकांश राष्ट्रहरूले सेवा क्षेत्रलाई आफ्नो आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा विकास गरिरहेका छन्।

नेपालको अर्थतन्त्रमा पनि सेवा क्षेत्रको योगदान निरन्तर रूपमा बढ्दै गएको छ। हाल नेपालको कूल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ६२ प्रतिशतभन्दा बढी रहेको छ, जसले सेवा क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारका रूपमा स्थापित गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा नेपालको कूल वैदेशिक व्यापारमा सेवा व्यापारको हिस्सा २१.४४ प्रतिशत रहेको छ। पर्यटन, यातायात, सञ्चार, वित्तीय सेवा, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, व्यापार तथा अन्य व्यावसायिक सेवाहरू नेपालको सेवा अर्थतन्त्रका प्रमुख उपक्षेत्रहरू हुन्। पछिल्ला वर्षहरूमा विशेषगरी सूचना प्रविधिमा आधारित सेवा, डिजिटल फ्रिलान्सिङ, सफ्टवेयर विकास, परामर्श सेवा तथा अन्य व्यावसायिक सेवामा नेपाली युवाको बढ्दो संलग्नताले सेवा निर्यातका नयाँ सम्भावनाहरू उजागर गरेको छ।

निकट भविष्यमा वस्तु निर्यातको तुलनामा सेवा निर्यातको वृद्धिदर उच्च रहने तथा सेवा निर्यात तुलनात्मकरूपमा बढी दिगो र उच्च मूल्य अभिवृद्धियुक्त हुने अपेक्षा गरिएको छ। नेपालको भौगोलिक अवस्थिति, युवा जनशक्ति, अंग्रेजी भाषाको बढ्दो दक्षता, सूचना प्रविधिमा पहुँचको विस्तार तथा डिजिटल पूर्वाधारमा भइरहेको क्रमिक सुधारले सेवा निर्यात विस्तारका लागि महत्वपूर्ण आधार तयार गरिरहेका छन्। विशेषगरी सूचना प्रविधि, पर्यटन, शिक्षा, स्वास्थ्य, वित्तीय सेवा, सिर्जनात्मक उद्योग, व्यावसायिक परामर्श तथा डिजिटल सेवाहरू नेपालका सम्भावनायुक्त निर्यातमुखी सेवा क्षेत्रका रूपमा विकास हुन सक्ने अवस्था रहेको छ। सेवा व्यापारको विकासले

विदेशी मुद्रा आर्जन, गुणस्तरीय रोजगारी सिर्जना, सीपयुक्त मानव पूँजीको उपयोग, नवप्रवर्तनको प्रवर्धन तथा समावेशी आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

नेपाल अतिकम विकसित राष्ट्रबाट विकसित राष्ट्रमा स्तरोन्नति हुँदा नेपालले हाल प्राप्त गर्दै आएका विशेष तथा पृथक सुविधा (Special and Differential Treatment), सहुलियतपूर्ण बजार पहुँच, निर्यातसम्बन्धी केही प्राथमिकता तथा अन्तर्राष्ट्रिय विकास सहायता क्रमशः घट्दै जाने सम्भावना रहेको छ। यस्तो अवस्थामा सीमित र परम्परागत वस्तु निर्यातमा मात्र निर्भर रहनुभन्दा उच्च मूल्य अभिवृद्धियुक्त, ज्ञानमा आधारित तथा प्रतिस्पर्धी सेवा निर्यातको विकास राष्ट्रिय आर्थिक रणनीतिको महत्वपूर्ण आधार बन्न आवश्यक छ।

यसैगरी, डिजिटल अर्थतन्त्रको तीव्र विस्तार, क्षेत्रीय तथा द्विपक्षीय आर्थिक सहकार्यको वृद्धि, सीमापार सेवा आपूर्तिका नयाँ माध्यमहरूको विकास तथा विश्वव्यापी सेवा बजारमा बढ्दो मागले नेपाललाई सेवा व्यापार विस्तार गर्ने महत्वपूर्ण अवसर प्रदान गरेका छन्। तर, यी अवसरहरूको प्रभावकारी उपयोग गर्न प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, गुणस्तरीय तथा सीपयुक्त मानव स्रोत विकास, डिजिटल तथा भौतिक पूर्वाधार सुदृढीकरण, नियामकीय सुधार, सेवा व्यापारसम्बन्धी तथ्याङ्क प्रणालीको सुदृढीकरण तथा निजी क्षेत्रको क्षमता विकास आवश्यक छ।

यद्यपि सेवा क्षेत्रको योगदान बढ्दै गएको भएपनि नेपालको सेवा व्यापार अझै अपेक्षितरूपमा प्रतिस्पर्धी बन्न सकेको छैन। सीमित सेवा निर्यात क्षमता, दक्ष जनशक्तिको अभाव, अपर्याप्त डिजिटल तथा भौतिक पूर्वाधार सेवा व्यापारसम्बन्धी संस्थागत समन्वयको कमजोरी, अन्तर्राष्ट्रिय गुणस्तर तथा मापदण्डसँग अनुकूलनका चुनौती, लगानी तथा नवप्रवर्तनमा सीमित पहुँचलगायतका समस्याका कारण सेवा क्षेत्रको पूर्ण सम्भावना उपयोग हुन सकेको छैन। साथै, सेवा व्यापारसम्बन्धी नीति, कानूनी व्यवस्था तथा संस्थागत संरचनालाई अन्तर्राष्ट्रिय परिवेशअनुसार अद्यावधिक र सुदृढ गर्नुपर्ने आवश्यकता पनि महसुस गरिएको छ।

यस सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, नेपालको विकासशील राष्ट्रतर्फको संक्रमण, सेवा क्षेत्रको बढ्दो आर्थिक महत्व तथा सेवा निर्यात विस्तारका विद्यमान अवसर र चुनौतीहरूलाई दृष्टिगत गर्दै सेवा व्यापारको समग्र विकास, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, निर्यात प्रवर्धन, लगानी आकर्षण, रोजगारी सिर्जना तथा दिगो आर्थिक विकासका लागि स्पष्ट रणनीतिक दिशा प्रदान गर्ने उद्देश्यले **सेवा व्यापारसम्बन्धी राष्ट्रिय एकीकृत रणनीति** तर्जुमा गर्नु आवश्यक भएको छ।

## निर्यातमा सेवा व्यापारको प्रवृत्ति

नेपालको सेवा व्यापारले विगत एक दशकमा राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण स्थान बनाउँदै गएको छ। यद्यपि सेवा निर्यातको संरचना सीमित केही उपक्षेत्रमा केन्द्रित रहेको छ, पर्यटन, सूचना प्रविधिमा आधारित सेवा, विद्युतीय ऊर्जा तथा निर्माण सेवामा देखिएका सकारात्मक परिवर्तनहरूले आगामी वर्षहरूमा सेवा निर्यात विस्तारको

उल्लेखनीय सम्भावना देखाएका छन्। सेवा व्यापारबाट विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, लगानी प्रवर्धन तथा आर्थिक विविधीकरणमा उल्लेखनीय योगदान पुग्न सक्ने आधारहरू क्रमशः सुदृढ हुँदै गएका छन्।

पर्यटन नेपालको सबैभन्दा महत्वपूर्ण सेवा निर्यात क्षेत्रमध्ये एक हो। प्राकृतिक सौन्दर्य, जैविक विविधता, सांस्कृतिक सम्पदा, धार्मिक तथा साहसिक पर्यटनका दृष्टिले नेपाल विश्वकै आकर्षक गन्तव्य भएतापनि सम्भावनाको तुलनामा पर्यटन उद्योगको आकार अझै सानो रहेको छ। तथापि, पर्यटन क्षेत्र विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरणका दृष्टिले अत्यन्त महत्वपूर्ण रहेको छ। पछिल्ला वर्षहरूमा भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै अन्तर्राष्ट्रिय हवाई पहुँच विस्तार भएको छ। साथै, होटल, रिसोर्ट, केबलकार, सम्मेलन केन्द्र तथा अन्य पर्यटकीय पूर्वाधारमा निजी क्षेत्रको लगानी उल्लेखनीय रूपमा बढिरहेको छ। नयाँ पर्यटकीय गन्तव्यहरूको विकास, साहसिक तथा धार्मिक पर्यटनको विस्तार तथा अन्तर्राष्ट्रिय बजारमा नेपालको पर्यटन प्रवर्द्धमा भएका प्रयासहरूले आगामी वर्षहरूमा पर्यटक आगमन र पर्यटन आय उल्लेखनीयरूपमा वृद्धि हुने अपेक्षा गरिएको छ।

सूचना प्रविधि तथा डिजिटल सेवाको क्षेत्रमा नेपालले पछिल्ला वर्षहरूमा उल्लेखनीय सम्भावना देखाएको छ। सफ्टवेयर विकास, वेब तथा मोबाइल एप्लिकेशन निर्माण, ग्राफिक्स डिजाइन, डिजिटल मार्केटिङ, Business Process Outsourcing (BPO), डेटा प्रोसेसिङ तथा फ्रिलान्सिङजस्ता सेवाहरू अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धीरूपमा विस्तार भइरहेका छन्। नेपाली युवा जनशक्तिको सूचना प्रविधिप्रतिको बढ्दो दक्षता र विश्वव्यापीरूपमा डिजिटल सेवाको माग बढ्दै जाँदा यो क्षेत्र सेवा निर्यातको प्रमुख स्रोत बन्न सक्ने सम्भावना अत्यन्त उच्च रहेको छ। तथापि, विदेशी ग्राहकबाट प्राप्त हुने भुक्तानी विदेशमै रहने, तेस्रो मुलुकमा दर्ता भएका कम्पनीमार्फत बिलिङ हुने तथा वैदेशिक मुद्रा नेपालभित्र पूर्णरूपमा अभिलेखीकरण नहुने अवस्थाले वास्तविक सेवा निर्यात सरकारी तथ्याङ्कमा पूर्णरूपमा प्रतिबिम्बित हुन सकेको छैन। उपयुक्त नियामकीय सुधार, सहज भुक्तानी प्रणाली, विदेशी मुद्रा व्यवस्थापनमा लचकता तथा करसम्बन्धी प्रोत्साहन उपलब्ध गराउन सकिएमा सूचना प्रविधिमा आधारित सेवा नेपालको सबैभन्दा ठूलो सेवा निर्यात क्षेत्रका रूपमा विकास हुन सक्ने पर्याप्त सम्भावना रहेको छ।

विद्युतीय ऊर्जा पनि नेपालको उदीयमान सेवा निर्यात क्षेत्रका रूपमा विकसित भइरहेको छ। विगत केही वर्षमा भारत तथा बङ्गलादेशसँग विद्युत व्यापारका लागि महत्वपूर्ण द्विपक्षीय व्यवस्था भएका छन्। अन्तरदेशीय प्रसारण लाइनको क्षमता विस्तार, भारतीय बजारमा विद्युत निर्यातका लागि सहज पहुँच तथा आन्तरिक मागभन्दा बढी जलविद्युत उत्पादन हुन थालेपछि नेपाल क्रमशः विद्युतको खुद आयातकर्ता मुलुकबाट खुद निर्यातकर्ता मुलुकमा रूपान्तरण हुँदै गएको छ। ऊर्जा व्यापारको विस्तारले सेवा निर्यात वृद्धि, विदेशी मुद्रा आर्जन तथा क्षेत्रीय ऊर्जा बजारमा नेपालको सहभागिता सुदृढ गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

निर्माण सेवा पनि नेपालका लागि उदाउँदो निर्यातयोग्य सेवा क्षेत्रका रूपमा देखिएको छ। विगत दुई दशकमा पूर्वाधार निर्माणको तीव्र विस्तारसँगै नेपाली निर्माण व्यवसायी, इन्जिनियर, प्राविधिक तथा दक्ष श्रमिकहरूको अनुभव

र क्षमता उल्लेखनीयरूपमा वृद्धि भएको छ। यद्यपि ठूला तथा जटिल आयोजना व्यवस्थापनका दृष्टिले अझै संस्थागत क्षमता सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ. केही नेपाली निर्माण कम्पनीहरूले अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट छनोट भई विदेशमा निर्माण कार्य सम्पन्न गरिरहेका छन्। नेपाली प्राविधिक तथा निर्माण श्रमिकको दक्षता र लागत प्रतिस्पर्धात्मक भएकाले दक्षिण एशिया, मध्यपूर्व तथा अन्य विकासशील मुलुकहरूमा निर्माण सेवा निर्यात विस्तार गर्न सकिने सम्भावना देखिएको छ।

## सेवा व्यापारको प्रवृत्ति विश्लेषण

सेवा व्यापार नेपाली अर्थतन्त्रको महत्वपूर्ण सम्वाहकका रुपमा रहिआएको छ। विगत दश आर्थिक वर्षको सेवा व्यापारको प्रवृति हेर्दा आर्थिक वर्ष २०१५/१६ देखि आर्थिक वर्ष २०१७/१८ सम्म नेपालमा सेवा व्यापारको सन्तुलन सकारात्मक रहेतापनि तत्पश्चात्का वर्षहरुमा भने नेपालको सेवा व्यापार घाटामा रहेको देखिन्छ।

आर्थिक वर्ष २०१५/१६ मा रु. १३६ अर्ब ४७ करोड बराबरको सेवा व्यापार नेपालबाट निर्यात भएकोमा सो वर्ष रु. १२८ अर्ब ६२ करोड बराबरको सेवा व्यापार आयात भई सेवा व्यापारमा नेपालको पक्षमा रु. ९ अर्ब ८५ करोड बराबरको सन्तुलन भएको देखिन्छ। यसको दश वर्ष पछि अर्थात् आर्थिक वर्ष २०२४/२५ मा रु. १३८ अर्ब ६६ करोड बराबरको सेवा व्यापार नेपालबाट निर्यात भएकोमा सो वर्ष रु. ३२९ अर्ब ६० करोड बराबरको सेवा व्यापार आयात भई सेवा व्यापारमा नेपालको व्यापार घाटा रु. ९० अर्ब ९४ करोड बराबर रहन पुगेको देखिन्छ।

आयात/निर्यात अनुपात आर्थिक वर्ष २०१५/१६ मा १:०.९३ रहेकामा अधिकत्तम आर्थिक वर्ष २०२०/२१ मा १:१.९२ को परिधिभित्र रहेको पाइन्छ।

यस दश वर्षको अवधिमा सेवा व्यापारको निर्याततर्फको औसत वार्षिक वृद्धि दर ९.६ प्रतिशत रहेको छ भने आयाततर्फको औसत वार्षिक वृद्धि दर ११.९ प्रतिशत रहेको छ।

शिक्षा आयातको हिस्सा बढ्न जाँदा सेवा व्यापारमा पछिल्लो समयमा व्यापार घाटा बढ्दै गएको अवस्था देखिएको हो। आर्थिक वर्ष २०२४/२५ मा सेवा व्यापारमा शिक्षा सेवामा भएको आयात रु. १३८ अर्ब ४८ करोड रहेको छ। विगत तीन आर्थिक वर्षमा शिक्षा सेवाको आयाततर्फ तर्फको वृद्धिदर करिब १८ प्रतिशत रहेको छ। सो आर्थिक वर्षको नेपालको कूल निर्यात रु. ३ अर्ब ८९ करोड मात्र रहेको छ। विगत तीन आर्थिक वर्षमा शिक्षा सेवाको निर्याततर्फ वृद्धिदर करिब २ प्रतिशत रहेको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

| आर्थिक वर्ष | निर्यात (रु. अर्ब) | आयात (रु. अर्ब) | सन्तुलन | आयात निर्यात अनुपात |
|---|---|---|---|---|
| २०१५/१६ | १३८.४७ | १२८.६२ | ९.८५ | १:०.९३ |
| २०१६/१७ | १५८.२७ | १५५.३७ | २.८९ | १:०.९८ |
| २०१७/१८ | १७६.६३ | १७४.९४ | १.६९ | १:०.९९ |
| २०१८/१९ | १८५.७४ | २००.१० | -१४.३६ | १:१.०८ |
| २०१९/२० | १५६.३५ | १५७.३१ | -०.९७ | १:१.०१ |
| २०२०/२१ | ७९.०७ | १५१.९२ | -७२.८५ | १:१.९२ |
| २०२१/२२ | १२२.०८ | २३०.२० | -१०८.१२ | १:१.८९ |
| २०२२/२३ | १९२.३८ | २७२.२१ | -७९.८३ | १:१.४१ |
| २०२३/२४ | २५२.७८ | ३०८.६३ | -५५.८६ | १:१.२२ |
| २०२४/२५ | २३८.६६ | ३२९.६० | -९०.९४ | १:१.३८ |

## आर्थिक वर्ष २०२४/२५ मा सेवा व्यापारको क्षेत्रगत स्थिति

### सेवा निर्यात

आर्थिक वर्ष २०२४/२५ मा नेपालले सबैभन्दा बढी निर्यात गर्ने सेवा क्षेत्रहरुमा यात्रा, अन्य व्यवसाय सेवा, अन्यत्र उल्लेख नगरिएका सरकारी वस्तु र सेवाहरु, यातायात, दूरसञ्चार, कम्प्युटर र सूचना सेवा प्रमुख रुपमा रहेका छन्। आर्थिक वर्ष २०२४/२५ मा नेपालले सेवा व्यापार क्षेत्रमा सबैभन्दा बढी निर्यात यात्रा सेवको गरेको छ जसमा पर्यटनतर्फको हिस्सा उल्लेख्य रहेको देखिन्छ। यस आर्थिक वर्षमा नेपालले रु. ८८ अर्ब ६६ करोड बराबरको यात्रा सेवा निर्यात गरेको छ जुन नेपालको कूल सेवा निर्यातको ३७.१५ प्रतिशत हुन आउँछ।

आर्थिक वर्ष २०२४/२०२५ मा नेपालको सेवा व्यापार निर्यात (रु. अर्बमा)



यसैगरी अन्य व्यवसाय सेवा क्षेत्र नेपालको सेवा व्यापार निर्यातको दोश्रो ठूलो योगदानकर्ताका रुपमा रहेको छ। यस आर्थिक वर्षमा नेपालले रु. ५७ अर्ब ५६ करोड बराबरको अन्य व्यवसाय सेवा निर्यात गरेको छ, जुन नेपालको कूल सेवा निर्यातको २४.१२ प्रतिशत हुन आउँछ।

नेपालको सेवा व्यापार निर्यातमा तेश्रो ठूलो योगदानकर्ताका रुपमा अन्यत्र उल्लेख नगरिएका सरकारी वस्तु र सेवाहरु सेवाहरु रहेका छन्। यस आर्थिक वर्षमा नेपालले रु. ३४ अर्ब २८ करोड बराबरको अन्यत्र उल्लेख नगरिएका सरकारी वस्तु र सेवाहरु सेवाहरु निर्यात रहेको छ जुन नेपालको कूल सेवा निर्यातको १४.३६ प्रतिशत हुन आउँछ।

नेपालको सेवा व्यापार निर्यातमा चौथो ठूलो योगदानकर्ताका रुपमा यातायात सेवा रहेका छन्। यस आर्थिक वर्षमा नेपालले रु २७ अर्ब ८९ करोड बराबरको यातायात सेवा निर्यात रहेको छ जुन नेपालको कूल सेवा निर्यातको ११.६९ प्रतिशत हुन आउँछ।

नेपालको सेवा व्यापार निर्यातमा पाँचौ ठूलो योगदानकर्ताका रुपमा दूरसञ्चार, कम्प्युटर र सूचना सेवा रहेका छन्। यस आर्थिक वर्षमा नेपालले रु २२ अर्ब ३३ करोड बराबरको यातायात सेवा निर्यात रहेको छ जुन नेपालको कूल सेवा निर्यातको ९.३६ प्रतिशत हुन आउँछ।

| आर्थिक वर्ष २०२४/२५ मा नेपालको सेवा व्यापार निर्यात | | |
|---|---|---|
| सेवा | रु. अर्ब | प्रतिशत हिस्सा |
| यात्रा | ८८.६६ | ३७.१५ |
| अन्य व्यवसाय सेवा | ५७.५६ | २४.१२ |
| अन्यत्र उल्लेख नगरिएका सरकारी वस्तु र सेवाहरु | ३४.२८ | १४.३६ |
| यातायात | २७.८९ | ११.६९ |
| दूरसञ्चार, कम्प्युटर र सूचना सेवा | २२.३३ | ९.३६ |
| व्यक्तिगत, सांस्कृतिक र आमोदप्रमोद सेवा | ३.८२ | १.६० |
| वित्तीय सेवा | १.९१ | ०.८० |
| निर्माण | १.१७ | ०.४९ |
| बिमा र निवृत्तीभरण सेवा | ०.७५ | ०.३१ |
| मर्मत र सम्भार सेवा | ०.२६ | ०.११ |
| बौद्धिक सम्पत्ति उपयोग सेवा | ०.०२ | ०.०१ |
| उत्पादन सेवा | ०.०१ | ०.०१ |
| कूल | २३८.६६ | १००.०० |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

<u>सेवा आयात</u>

आर्थिक वर्ष २०२४/२५ मा नेपालले सबैभन्दा बढी आयात गर्ने सेवा क्षेत्रहरुमा

यात्रा, यातायात, बिमा र निवृत्तीभरण सेवा, अन्य व्यवसाय सेवा तथा दूरसञ्चार, कम्प्युटर र सूचना सेवा प्रमुख रुपमा रहेका छन्।

आर्थिक वर्ष २०२४/२५ मा नेपालले सेवा व्यापार क्षेत्रमा सबैभन्दा बढी आयात गर्ने सेवामा यात्रा सेवा रहेको छ जसमा शिक्षा र पर्यटनतर्फको हिस्सा उल्लेख्य रहेको छ। यस आर्थिक वर्षमा नेपालले रु. २२३ अर्ब ७२ करोड बराबरको यात्रा सेवा आयात रहेको छ जुन नेपालको कूल सेवा आयातको ६७.८७ प्रतिशत हुन आउँछ।




यसैगरी यातायात सेवा नेपालको सेवा व्यापार आयातको दोश्रो ठूलो योगदानकर्ताका रुपमा रहेको छ। यस आर्थिक वर्षमा नेपालले रु. ६१ अर्ब ४१ करोड बराबरको यातायात सेवा आयात गरेको छ। जुन नेपालको कूल सेवा आयातको १६.३६ प्रतिशत हुन आउँछ।

नेपालको सेवा व्यापार आयातमा तेश्रो ठूलो योगदानकर्ताका रुपमा बिमा र निवृत्तीभरण सेवा रहेका छन्। यस आर्थिक वर्षमा नेपालले रु. १४ अर्ब १ करोड बराबरको बिमा र निवृत्तीभरण सेवा आयात रहेको छ जुन नेपालको कूल सेवा आयातको ४.२५ प्रतिशत हुन आउँछ।

नेपालको सेवा व्यापार आयातमा चौथो ठूलो योगदानकर्ताका रुपमा अन्य व्यवसाय सेवा रहेका छन्। यस आर्थिक वर्षमा नेपालले रु. १२ अर्ब ४५ करोड बराबरको अन्य व्यवसाय सेवा आयात रहेको छ जुन नेपालको कूल सेवा आयातको ३.७८ प्रतिशत हुन आउँछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपालको सेवा व्यापार आयातमा पाँचौ ठूलो योगदानकर्ताका रुपमा दूरसञ्चार, कम्प्युटर र सूचना सेवा रहेका छन्। यस आर्थिक वर्षमा नेपालले रु. ६ अर्ब १५ करोड बराबरको यातायात सेवा आयात रहेको छ जुन नेपालको कूल सेवा निर्यातको १.८७ प्रतिशत हुन आउँछ।

| आर्थिक वर्ष २०२४/२५ मा नेपालको सेवा व्यापार आयात | | |
|---|---|---|
| सेवा | रु. अर्ब | प्रतिशत हिस्सा |
| यात्रा | २२३.७२ | ६७.८७ |
| यातायात | ६१.४१ | १८.६३ |
| बिमा र निवृत्तीभरण सेवा | १४.०१ | ४.२५ |
| अन्य व्यवसाय सेवा | १२.४५ | ३.७८ |
| दूरसञ्चार, कम्प्युटर र सूचना सेवा | ६.१५ | १.८७ |
| अन्यत्र उल्लेख नगरिएका सरकारी वस्तु र सेवाहरु | ४.५० | १.३७ |
| निर्माण | २.०५ | ०.६२ |
| बौद्धिक सम्पत्ति उपयोग सेवाf | १.८६ | ०.५६ |
| वित्तीय सेवा | १.५९ | ०.४८ |
| मर्मत र सम्भार सेवा | ०.९५ | ०.२९ |
| व्यक्तिगत, सांस्कृतिक र आमोदप्रमोद सेवा | ०.९१ | ०.२८ |
| उत्पादन सेवा | ०.०० | ०.०० |
| कूल | ३२९.६० | १००.०० |

*स्रोत नेपाल राष्ट्र बैंक

सेवा आयात बढ्नुका पछाडि धेरै हदसम्म संरचनात्मक कारणहरू जिम्मेवार छन्। उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थीको संख्या बढ्दै गएको छ। जटिल स्वास्थ्य उपचारका लागि पनि धेरै नेपाली विदेश जाने गर्छन्। त्यसैगरी सूचना प्रविधि, डिजिटल सेवा, परामर्श सेवा, रोयल्टी भुक्तानी तथा अन्तर्राष्ट्रिय यात्रामा हुने खर्च पनि निरन्तर बढिरहेको छ। यी सबै कारणले गर्दा सेवा आयात बढिरहेको अवस्था छ।

अर्कोतर्फ, सेवा निर्यातको संरचनामा देखिएको परिवर्तन भने उत्साहजनक छ। केही वर्षअघिसम्म सेवा निर्यात मुख्यतः पर्यटनमा केन्द्रित थियो। अहिले भने सूचना प्रविधिमा आधारित सेवा, डिजिटल सेवा, व्यावसायिक सेवा निर्माण सेवा शिक्षा र स्वास्थ्य सेवा तथा विद्युत निर्यातजस्ता नयाँ क्षेत्रहरू पनि क्रमशः विस्तार हुँदै गएका छन्। यसले नेपालको सेवा निर्यातको विविधीकरण गर्नुका साथै दिगो बनाउने आधार तयार गरिरहेको छ।

समग्रमा हेर्दा, नेपालको सेवा व्यापारले पछिल्लो एक दशकमा चुनौती र अवसर दुवै सामना गरिरहेको छ। सेवा निर्यातको आधार विस्तार हुँदै गएको भएतपनि सेवा आयातको वृद्धि अझ तीव्र रहेकाले व्यापार सन्तुलनमा दबाब

कायम छ। आगामी दिनमा सूचना प्रविधि, पर्यटन, निर्माण, शिक्षा, स्वास्थ्य, ऊर्जा तथा अन्य ज्ञानमा आधारित सेवामा लगानी बढाउने, दक्ष जनशक्ति विकास गर्ने, गुणस्तरीय पूर्वाधार निर्माण गर्ने, निजी क्षेत्रको सहभागिता विस्तार गर्ने, अन्तर्राष्ट्रिय बजार पहुँच बढाउने तथा बजार विविधीकरण गर्नेतर्फ ध्यान दिन सकिएमा सेवा निर्यातलाई थप विविधीकरण र दिगो बनाउन सकिन्छ। त्यसले सेवा व्यापार घाटा क्रमशः घटाउँदै नेपालको सेवा व्यापारलाई प्रतिस्पर्धी र उच्च विदेशी मुद्रा आर्जन गर्ने प्रमुख हिस्साको रूपमा विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ।

<u>नेपालमा सेवा व्यापारको सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतीहरू</u>

नेपालको सेवा क्षेत्रको विकास तथा सेवा निर्यात प्रवर्धनका लागि सेवा मूल्य शृङ्खलाका सबै चरणमा रणनीतिकरूपमा ध्यान दिन आवश्यक छ। विशेषगरी दक्ष जनशक्ति उत्पादन, डिजिटल तथा भौतिक पूर्वाधारको विकास, अन्तर्राष्ट्रिय स्तरको सेवा गुणस्तर र मापदण्डको सुनिश्चितता, तथा उच्च मूल्य अभिवृद्धि हुने सेवाको विकासमा जोड दिनुपर्छ। सूचना प्रविधि (आईटी), Business Process Outsourcing (BPO), पर्यटन, शिक्षा, स्वास्थ्य, वित्तीय तथा व्यावसायिक सेवाजस्ता सम्भावनायुक्त क्षेत्रमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गर्नु आजको आवश्यकता हो। यसका लागि लक्षित बजार रणनीति, व्यापार सम्झौताअन्तर्गत उपलब्ध अवसरको प्रभावकारी उपयोग, डिजिटल प्लेटफर्ममार्फत सेवा प्रवर्धन, अन्तर्राष्ट्रिय प्रमाणीकरण, प्रभावकारी ब्रान्डिङ तथा सेवा निर्यात सहजीकरणका उपायलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्छ।

युवा तथा ऊर्जाशील जनशक्ति, अंग्रेजी भाषामा राम्रो दक्षता, सूचना प्रविधिमा बढ्दो उद्यमशीलता, प्राकृतिक तथा सांस्कृतिक सम्पदामा आधारित पर्यटन सेवा, र दक्षिण एशियाली बजारसँगको भौगोलिक निकटता लगायतका विषय नेपालको सेवा क्षेत्रको सम्भावनाका रुपमारहेका छन्। पछिल्ला वर्षहरूमा विश्वव्यापीरूपमा डिजिटल सेवा, आउटसोर्सिङ, अनलाइन शिक्षा, स्वास्थ्य सेवा तथा व्यावसायिक परामर्श सेवाको माग बढ्दै गएको सन्दर्भमा नेपालले पनि यी क्षेत्रमा आफ्नो उपस्थिति विस्तार गर्ने अवसर प्राप्त गरेको छ। तर, दक्ष जनशक्तिको पलायन, गुणस्तरीय डिजिटल पूर्वाधारको अभाव, अन्तर्राष्ट्रिय मापदण्डअनुसारको प्रमाणीकरण र ब्रान्डिङमा कमजोरी, सेवा व्यापारसम्बन्धी विश्वसनीय तथ्याङ्कको अभाव तथा नीतिगत र संस्थागत जटिलताले अपेक्षित गतिमा सेवा निर्यात बढ्न सकेको छैन।

आगामी दिनमा विश्वव्यापी डिजिटल अर्थतन्त्रको विस्तार, सीमापार सेवा व्यापारको बढ्दो प्रवृत्ति, कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) लगायत नयाँ प्रविधिको प्रयोग, तथा पर्यटन, स्वास्थ्य र वेलनेस सेवाप्रतिको बढ्दो अन्तर्राष्ट्रिय आकर्षणले नेपालका लागि नयाँ अवसर सिर्जना गरेका छन्। साथै, "Brand Nepal" को अवधारणालाई प्रभावकारी रूपमा प्रवर्धन गर्दै नेपाली सेवाको अन्तर्राष्ट्रिय पहिचान स्थापित गर्न सकिने पर्याप्त सम्भावना रहेको

छ। यद्यपि, अन्तर्राष्ट्रिय प्रतिस्पर्धा तीव्र बन्दै जानु, प्रविधिमा द्रुत परिवर्तन, साइबर सुरक्षा तथा डेटा संरक्षणसम्बन्धी कडा मापदण्ड, दक्ष जनशक्तिको निरन्तर पलायन, र सेवा व्यापारसम्बन्धी नीतिगत तथा नियामकीय जटिलता यस क्षेत्रका प्रमुख चुनौती हुन्। यी चुनौतीलाई समयमै सम्बोधन गर्दै नीति सुधार, पूर्वाधार विकास, सीप अभिवृद्धि, गुणस्तर सुनिश्चितता र अन्तर्राष्ट्रिय बजार प्रवर्धनमा प्रभावकारी लगानी गर्न सके नेपालको सेवा क्षेत्र आर्थिक वृद्धि, रोजगारी सिर्जना र विदेशी मुद्रा आर्जनको महत्वपूर्ण आधारका रूपमा स्थापित हुन सक्छ। समग्रमा, उचित नीति र लगानीमार्फत यी चुनौतीलाई सम्बोधन गर्नसके सेवा व्यापारले ठूलो निर्यात सम्भावना हासिल गर्न सक्छ।

**सबल पक्षहरू**

- पर्यटन, शिक्षा, स्वास्थ्य, बौद्ध अध्ययनजस्ता विशिष्ट क्षेत्रमा तुलनात्मक लाभ रहेको।
- युवा, ऊर्जाशील र तुलनात्मकरूपमा कम लागतको जनशक्तिको उपलब्धता।
- सूचना प्रविधि, Business Process Outsourcng (BPO), फ्रिलान्सिङ तथा डिजिटल सेवामा बढ्दो क्षमता।
- WTO सदस्यता तथा क्षेत्रीय व्यापार सम्झौतामार्फत अन्तर्राष्ट्रिय बजारमा पहुँचको आधारको निर्माण।
- विदेशस्थित नेपाली समुदाय (Diaspora) मार्फत अन्तर्राष्ट्रिय सञ्जाल विस्तार गर्ने सम्भावना।
- निजी क्षेत्रको सेवा उद्योगमा बढ्दो सहभागिता।

**दुर्बल पक्षहरू**

- सेवा व्यापारसम्बन्धी नीति, कानूनी व्यवस्था तथा संस्थागत समन्वय पर्याप्त सुदृढ नभएको र अनुसन्धान, नवप्रवर्तन तथा प्रविधिमा भएको लगानी समेत सीमित।
- सेवा क्षेत्रको गुणस्तर, अन्तर्राष्ट्रिय प्रत्यायन तथा प्रमाणीकरण सीमित।
- डिजिटल, यातायात तथा अन्य सेवाका पूर्वाधार अझै अपर्याप्त।
- अन्तर्राष्ट्रिय बजार प्रवर्धन, ब्रान्डिङ तथा बजार सूचनाको कमी।
- सेवा व्यापारसम्बन्धी तथ्याङ्क, बजार सूचना तथा निर्यात विश्लेषण प्रणाली कमजोर।
- दक्ष जनशक्तिको विदेश पलायन (Brain Drain) का कारण उच्च मूल्यका सेवाको विकासमा कठिनाई।

**अवसरहरू**

- विश्वव्यापीरूपमा डिजिटल सेवा, IT, BPO तथा ज्ञानमा आधारित सेवाको माग तीव्र रूपमा बढ्दै जानु।
- अनलाइन शिक्षा, टेलिमेडिसिन, ई-कमर्स र डिजिटल परामर्श सेवाको विस्तार।
- स्वास्थ्य, शिक्षा, पर्यटन, वित्तीय तथा व्यावसायिक सेवाको क्षेत्रीय बजार विस्तार।
- LDC बाट स्तरोन्नतिपछि वस्तु निर्यातसँगै सेवा निर्यातलाई आर्थिक वृद्धिको नयाँ आधार बनाउने अवसर।
- विदेशी लगानी, प्रविधि हस्तान्तरण तथा अन्तर्राष्ट्रिय साझेदारीबाट सेवा क्षेत्रको आधुनिकीकरण।
- कृत्रिम बुद्धिमत्ता (AI), क्लाउड कम्प्युटिङ तथा डिजिटल प्लेटफर्ममार्फत नयाँ सेवा निर्यातको सम्भावना।

- क्षेत्रीय कनेक्टिभिटी तथा डिजिटल व्यापारको विस्तारबाट नयाँ बजारमा पहुँच।

चुनौती/जोखिमहरू

- भारत, फिलिपिन्स, भियतनाम, बङ्गलादेशलगायतका छिमेकी देशहरुसँग तीव्र प्रतिस्पर्धा।
- विश्वव्यापी आर्थिक मन्दी, महामारी वा भूराजनीतिक अस्थिरताले सेवा व्यापारमा नकारात्मक असर पार्न सक्ने।
- विश्वमा प्रविधिको तीव्र परिवर्तनसँग अनुकूल हुन नसक्दा प्रतिस्पर्धात्मकता घट्ने जोखिम।
- साइबर सुरक्षा, डाटा गोपनीयता तथा अन्तर्राष्ट्रिय नियामकीय मापदण्डको कडाइ।
- जलवायु परिवर्तन तथा प्राकृतिक विपद्का कारण पर्यटन सेवामा प्रतिकूल प्रभाव।
- दक्ष जनशक्तिको निरन्तर विदेश पलायनले सेवा क्षेत्रको प्रतिस्पर्धात्मकता कमजोर हुने जोखिम।
- प्रमुख व्यापार साझेदार मुलुकहरूमा संरक्षणवादी नीति वा नियामकीय अवरोध बढ्न सक्ने।

सेवा व्यापारसम्बन्धी विद्यमान नीतिगत तथा कानूनी व्यवस्था

सेवा व्यापारलाई प्रवर्धन गर्नका लागि हाल उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले कार्यान्वयन गरिरहेका नीतिगत तथा कानूनी प्रावधानहरु देहायबमोजिम रहेका छन्-

विद्युतीय व्यापार (E-commerce) ऐन, २०८१

सूचना प्रविधिको माध्यमबाट हुने वस्तु तथा सेवाको व्यापारिक कारोबारलाई नियमन तथा प्रवर्धन गर्ने सम्बन्धी विभिन्न व्यवस्थाहरु राखिएको।

वाणिज्य नीति, २०८१

उद्देश्यः

- वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व बढाउनु।
- व्यापार कूटनीति सुदृढ गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको पहुँच बढाउनु।

नीतिहरुः

- वस्तु तथा सेवाको मूल्य अभिवृद्धि र गुणस्तर वृद्धि एवं नवीन प्रविधिको विकास तथा उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।
- वस्तु तथा सेवाको निर्यात वृद्धि गर्न भन्सार तथा गैरभन्सार उपायहरूलाई नियममा आधारित र नेपालको व्यापारलाई प्रतिस्पर्धी बनाउने गरी कार्यान्वयन गर्ने।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल व्यापार एकीकृत रणनीति, २०८० ले पहिचान गरेको निर्यात सम्भावना भएका सेवा क्षेत्रहरू

१. पर्यटन

२. सूचना प्रविधि र इन्टरनेटमा आधारित सेवा

३. जलविद्युत

४. निर्माण सेवा

५. दक्ष तथा अर्धदक्ष श्रम सेवा (विप्रेषण आउने सेवा)

विकासशील मुलुकको रूपमा सहज स्तरोन्नतिको लागि वाणिज्य क्षेत्रको रणनीतिक योजना, २०८१

उद्देश्यः उत्पादन, उत्पादकत्व र व्यापारको प्रतिस्पर्धात्मकता वृद्धि गर्दै अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको पहुँच सुदृढ गरी विकासशील मुलुकमा उत्थानशील स्तरोन्नति सुनिश्चित गर्नु,

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सेवा व्यापारसम्बन्धी राष्ट्रिय एकीकृत रणनीति, २०८३ को रणनीतिक खाका

**सोच (Vision):** नवप्रवर्तन, डिजिटल रूपान्तरण र सक्षम एवम् प्रतिस्पर्धी सेवा क्षेत्रको प्रवर्धन मार्फत समावेशी, दिगो र उच्च आयमुखी राष्ट्रिय अर्थतन्त्र निर्माण।

**ध्येय (Mission):**

१. सेवा व्यापारको विकास र प्रवर्धनका लागि पारदर्शी, पूर्वानुमानयोग्य, लगानीमैत्री तथा अन्तर्राष्ट्रिय मापदण्डअनुकूल नीतिगत, कानुनी र संस्थागत वातावरण निर्माण तथा सुदृढीकरण गर्नु।

२. मानव संसाधन विकास, प्रविधि र नवप्रवर्तनमा जोड दिई उच्च सम्भावनायुक्त सेवा क्षेत्रहरूमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु

३. नीतिगत सुधार, संस्थागत सुदृढीकरण, मानव पूँजी विकास, डिजिटल रूपान्तरण र अन्तर्राष्ट्रिय बजार एकीकरणमार्फत नेपालको सेवा व्यापार क्षमता सुदृढ गर्नु।

**उद्देश्यहरु:**

१. सेवा निर्यातको विविधीकरण, गुणस्तर अभिवृद्धि तथा उच्च मूल्य अभिवृद्धियुक्त सेवा क्षेत्रहरूको विकासमार्फत अन्तर्राष्ट्रिय बजार पहुँच र निर्यात प्रतिस्पर्धात्मकता सुदृढ गर्नु।

२. सेवा व्यापारका लागि पारदर्शी, पूर्वानुमानयोग्य र लगानीमैत्री नीतिगत तथा नियामक वातावरण निर्माण गर्नु।

३. डिजिटल प्रविधिको प्रयोगमार्फत सीमापार सेवा आपूर्ति विस्तार गर्नु।

४. व्यापार तथा आर्थिक कुटनीति सुदृढीकरण गरी नेपालको सेवा व्यापार प्रवर्धन गर्नु।

**रणनीतिहरु:**

१. नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति भएपश्चातको व्यापार परिवेशलाई दृष्टिगत गरी पारदर्शी, पूर्वानुमानयोग्य, लगानीमैत्री तथा अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुने गरी सेवा व्यापारसम्बन्धी नीति, कानुन एवं नियमनको सरलीकरण र परिमार्जन गर्ने।

२. सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक प्रयोग गरी डिजिटल व्यापार सुदृढीकरणमार्फत सीमापार (Cross-border) सेवा आपूर्ति विस्तार गर्ने।

३. निर्यात सम्भावना भएका सेवाहरूको उत्पादन, उत्पादकत्व र गुणस्तर सुदृढीकरण गरी सेवा निर्यात विविधीकरण गर्ने।

४. सेवा व्यापारसम्बद्ध भौतिक तथा डिजिटल पूर्वाधारहरू, लजिस्टिक सेवा र व्यापार प्रक्रियाहरूमा सुधार गरी व्यापार लागत घटाउने।

५. मानव पूँजीको विकास, नवप्रवर्तन तथा सेवा व्यापारसम्बद्ध निकायहरूको संस्थागत क्षमता विकास गरी सेवा क्षेत्रको समग्र प्रतिस्पर्धात्मकता बढाउने।
६. व्यापार तथा आर्थिक कुटनीतिलाई सुदृढ तूल्याई नेपालको सेवा व्यापार र सेवा ब्राण्डिङ (Service Branding) लाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्धन गर्ने।
७. सेवा व्यापारसँग अन्तरसम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकाय, निजी क्षेत्रलगायतसँग सहकार्य, समन्वय र साझेदारी बढाउने।
८. सेवा व्यापारसम्बन्धी तथ्यांक (Service Trade Data) प्रणालीलाई एकीकृत र व्यवस्थित बनाउने।

कार्यनीतिहरू:

पर्यटन सेवा व्यापार सम्बन्धी कार्यनीतिहरु

१. गुणस्तरीय पूर्वाधार विकासका लागि सार्वजनिक, निजी तथा वैदेशिक लगानी प्रवर्धन गर्ने।
२. पर्यटन क्षेत्रको विकास तथा विस्तारका लागि निजी क्षेत्रको समेत सहभागिता र सहलगानीमा विभिन्न पर्यटन मेला, महोत्सव, गन्तव्य प्रवर्धनका गतिविधिहरू सञ्चालन गर्न सहजीकरण गर्ने।
३. नेपाललाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न डिजिटल प्रवर्धन, ब्रान्डिङ तथा अन्तर्राष्ट्रिय बजारमा लक्षित प्रचारप्रसारलाई सुदृढ गर्ने।
४. धार्मिक, सांस्कृतिक, साहसिक, प्रकृतिमा आधारित, स्वास्थ्य तथा आरोग्य (Wellness) वेलनेस, हिमाली, ग्रामीण, कृषि, खेलकुद, सम्मेलन तथा चलचित्र पर्यटनलगायत विशिष्टीकृत पर्यटन सेवाको विकास र प्रवर्धन गर्ने।
५. पर्यटन प्रवर्धनमा निजी क्षेत्र, नेपालका विदेशस्थित कूटनीतिक नियोगका साथै गैर आवासीय नेपालीहरूसँग सहकार्य गर्ने।
६. पर्यटन सेवाको गुणस्तर, सुरक्षा, आतिथ्यता तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसार सेवाप्रवाह सुनिश्चित गर्न प्रत्यायन प्रणाली (Accreditation System) सुदृढ गर्ने।
७. पर्यटन क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय सेवाप्रदायक सङ्घ संस्थासँग सहकार्य गर्ने।

सूचना तथा सञ्चार प्रविधि सेवा व्यापारसम्बन्धी कार्यनीतिहरु

१. विद्युत शासनको विकासका लागि सूचना तथा सञ्चार प्रविधिको अधिकतम् प्रयोग सुनिश्चित गर्ने।
२. सरकारी अनुमति आवश्यक पर्ने आयात-निर्यात व्यापारलगायत सबै प्रकारका व्यावसायिक गतिविधिको व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग सुनिश्चित गर्ने।
३. सफ्टवेयर उत्पादन तथा निर्यातका लागि आईटी पार्क को सुदृढीकरण गरी सञ्चालन गर्ने।

४. राष्ट्रिय सूचना प्रविधि पूर्वाधारसँग फाइबर अप्टिक सञ्जाल जोड्न र उच्च गतिको डाटा प्रसारण सुविधा उपलब्ध गराउन सूचना प्रविधि क्षेत्रको आधार सुदृढीकरण गर्ने।
५. सरोकारवाला निकाय तथा विदेशस्थित नेपाली नियोगमार्फत सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उद्योगको ब्रान्डिङको कार्य गर्ने।
६. फ्रीलान्सिङ क्षेत्रको निर्यात वृद्धि गर्दै प्राप्त आम्दानीलाई देशमा भित्र्याउन औपचारिक प्रणालीको विकास गर्ने।
७. अन्तर्राष्ट्रिय मापदण्डअनुसार डिजिटल सेवाको उत्पादन तथा निर्यात अभिवृद्धि गर्ने।

वित्तीय सेवा व्यापारसम्बन्धी कार्यनीतिहरु

१. वित्तीय सेवाको सीमापार विस्तार गरी अन्तर्राष्ट्रिय डिजिटल भुक्तानी प्रणाली विकास गर्ने।
२. विप्रेषण (Remittance) मा आधारित उत्पादनमूलक वित्तीय सेवाको विकास गर्ने।
३. अन्तर्राष्ट्रिय बैंकिङ, बीमा तथा पुनर्बीमा (Reinsurance) सेवाको विस्तारका लागि रणनीतिक साझेदारी सुदृढ गर्ने।
४. नेपाली फिनटेक कम्पनीहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रवेशका लागि नियामकीय सहजीकरण, प्रवर्धन तथा स्टार्टअप कार्यक्रम सञ्चालन गर्ने।
५. Financial Business Process Outsourcing तथा Knowledge Process Outsourcing प्रवर्धन सम्बन्धी कार्य गर्ने।
६. बैंकिङ तथा बीमा सेवाको निर्यात प्रवर्धन गर्न अन्तर्राष्ट्रिय बैंकिङ सम्बन्ध विस्तार गर्ने।

निर्माण सेवा व्यापार सम्बन्धी कार्यनीतिहरू

१. विदेशमा ठेक्का पाउने निर्माण कम्पनीलाई निर्माण कार्य प्रारम्भ गर्न आवश्यक विदेशी मुद्रा र निर्माण यन्त्र-उपकरण लैजान सहज गराउने।
२. आधुनिक निर्माण प्रविधि, Building Information Modeling (BIM), Geographic Information System (GIS) तथा डिजिटल प्रविधिको प्रयोग बढाउन प्रोत्साहन गर्ने।
३. अनुसन्धान, नवप्रवर्तन, हरित तथा उत्थानशील निर्माण प्रविधिमा लगानी बढाउन प्रोत्साहन गर्ने।
४. कुटनीतिक संयन्त्रसँगको समन्वयमा नेपालका निर्माण कम्पनीहरू तथा परामर्शदाताको अन्तर्राष्ट्रिय ब्रान्डिङ एवम् प्रचारप्रसार गर्ने।
५. निर्माण व्यवसायीहरूलाई अन्तर्राष्ट्रिय ठेक्का व्यवस्थापन, International Federation of Consulting Engineers मापदण्ड तथा परियोजना व्यवस्थापनसम्बन्धी विषयमा तालिम प्रदान गर्ने।
६. द्विपक्षीय तथा क्षेत्रीय सेवा व्यापार सम्झौतामा निर्माण सेवालाई प्राथमिकता दिने।

७. अन्तर्राष्ट्रिय ठेक्का, बजार अवसर तथा कानूनी व्यवस्थासम्बन्धी सूचना पोर्टल विकास गरी निर्माण सेवा निर्यातसम्बन्धी राष्ट्रिय डाटाबेस स्थापना गर्ने।
८. निर्माण सेवामा हुने जोखिम बीमा तथा पुनर्बीमा व्यवस्थालाई सुदृढ गर्ने।
९. नेपालका निर्माण कम्पनीहरूलाई अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड अपनाउन प्रोत्साहन गर्ने।

ऊर्जा सेवा व्यापारसम्बन्धी कार्यनीतिहरु

१. जलविद्युत, सौर्य, वायु (Wind) तथा अन्य नवीकरणीय ऊर्जाक्षेत्र सँग सम्वन्धित इन्जिनियरिङ, परामर्श, डिजाइन, परियोजना व्यवस्थापन, निर्माण, सञ्चालन, मर्मतसम्भार, परीक्षण तथा प्रमाणीकरण लगायत ऊर्जा सेवाको गुणस्तर अन्तर्राष्ट्रिय मापदण्डअनुसार अभिवृद्धि गरी सेवा निर्यातलाई प्रोत्साहन गर्ने।
२. हरित हाइड्रोजन, कार्बन व्यापार, नविकरणीय ऊर्जा प्रमाणपत्र (IREC/REC), स्वच्छ ऊर्जा परियोजना तथा जलवायु वित्तसँग सम्बन्धित सेवा र व्यवसायलाई प्रवर्धन गरी हरित अर्थतन्त्रको विकास गर्ने।
३. जलविद्युत, सौर्य, वायु (Wind) तथा अन्य नवीकरणीय ऊर्जा स्रोतको दिगो विकासमार्फत स्वच्छ विद्युत उत्पादन वृद्धि गरी आन्तरिक ऊर्जा माग परिपूर्ति एवम् खपत वृद्धि गर्दै निर्यातयोग्य अतिरिक्त विद्युत सुनिश्चित गर्ने।
४. ऊर्जा क्षेत्रसँग सम्बन्धित अनुमतिपत्र, विद्युत खरिद–बिक्री सम्झौता, ग्रिड पहुँच, नियामकीय सेवा तथा व्यापार प्रक्रियालाई डिजिटल प्रणालीमा आधारित बनाई पारदर्शी, सरल र प्रभावकारी बनाउने।
५. ऊर्जा सेवा व्यापारलाई प्रतिस्पर्धी, पूर्वानुमानयोग्य र लगानीमैत्री बनाउन आवश्यक नीति, ऐन, नियम, निर्देशिका तथा मापदण्डहरूको समयानुकूल सुधार, परिमार्जन र कार्यान्वयन गर्ने।
६. आन्तरिक खपतपछि बचत हुने विद्युतलाई भारत, बङ्गलादेश तथा अन्य द्विपक्षीय तथा क्षेत्रीय बजारमा प्रतिस्पर्धात्मक रूपमा निर्यात गर्न सीमापार विद्युत व्यापार, बजार विविधीकरण तथा उच्च मूल्य प्राप्त हुने बजारमा पहुँच विस्तार गर्ने।
७. उच्च क्षमताका आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइन, विद्युत आदान–प्रदान प्रणाली तथा ग्रिड अन्तरआबद्धता विस्तार गरी ऊर्जा व्यापारका लागि आवश्यक पूर्वाधार विकास गर्ने।
८. ऊर्जा उत्पादन, प्रसारण, वितरण तथा नवीकरणीय ऊर्जा पूर्वाधारमा सार्वजनिक निजी साझेदारी (PPP), BOOT, BOO लगायतका मोडेलमार्फत स्वदेशी तथा प्रत्यक्ष वैदेशिक लगानी (FDI) आकर्षित गर्न नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था सुदृढ गर्ने।
९. ऊर्जा सेवा व्यापारसँग सम्बन्धित उत्पादन, आयात निर्यात, लगानी, रोजगारी, विदेशी मुद्रा आर्जन तथा बजारसम्बन्धी तथ्याङ्कको एकीकृत सूचना प्रणाली विकास गरी नीतिनिर्माण र निर्णय प्रक्रियालाई तथ्यमा आधारित बनाउने।

१०. राष्ट्रिय ऊर्जा सुरक्षा सुनिश्चित गर्दै वातावरणीय दिगोपन, जलवायु परिवर्तन अनुकूलन, सुशासन तथा सामाजिक उत्तरदायित्वका सिद्धान्तअनुसार ऊर्जा सेवा व्यापारको विकास गरी दिगो आर्थिक समृद्धिमा योगदान पुऱ्याउने।

शिक्षा सेवा व्यापारसम्बन्धी कार्यनीतिहरु

१. शिक्षा सेवासम्बन्धी नीतिगत, कानुनी तथा नियामकीय सुधार गरी अन्तर्राष्ट्रिय मापदण्डअनुरूप गुणस्तरीय, प्रतिस्पर्धी, विश्वसनीय तथा गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्ने।
२. अध्ययन भिसा प्रक्रिया सरलीकरण, छात्रवृत्ति कार्यक्रम, Study in Nepal अभियान, अन्तर्राष्ट्रिय शिक्षा मेला तथा डिजिटल प्रवर्धनमार्फत विदेशी विद्यार्थी आकर्षित गर्दै नेपाललाई क्षेत्रीय शिक्षा गन्तव्य (Education Hub) का रूपमा विकास गर्ने।
३. अन्तर्राष्ट्रिय शैक्षिक सहकार्य, साझेदारी, संयुक्त कार्यक्रम तथा विद्यार्थी, शिक्षक र अनुसन्धानकर्ताको आदान-प्रदान विस्तार गरी शिक्षा सेवाको अन्तर्राष्ट्रियकरण र बजार विविधीकरण प्रवर्धन गर्ने।
४. डिजिटल प्रविधिको उपयोगमार्फत अनलाइन तथा सीमा-पार (Cross-border) शिक्षा सेवा, डिजिटल लर्निङ प्लेटफर्म तथा डिजिटल शैक्षिक प्रमाणपत्र प्रणाली विकास गरी शिक्षा सेवाको निर्यात विस्तार गर्ने।
५. अनुसन्धान, नवप्रवर्तन, शैक्षिक प्रविधि (EdTech) तथा ज्ञानमा आधारित शिक्षा सेवाको विकास र अन्तर्राष्ट्रियकरण मार्फत शिक्षा सेवाको निर्यात प्रवर्धन गर्ने।
६. अन्तर्राष्ट्रिय मापदण्डअनुसार पाठ्यक्रम सुधार, उद्योग-शैक्षिक संस्था सहकार्य तथा सीप प्रमाणीकरणमार्फत् प्राविधिक तथा व्यावसायिक शिक्षालाई अन्तर्राष्ट्रिय श्रम बजारको मागसँग आबद्ध गर्ने।
७. शिक्षा क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न उपयुक्त नीतिगत, कानुनी तथा संस्थागत वातावरण निर्माण गर्दै आवश्यक वित्तीय तथा लगानी प्रोत्साहन उपलब्ध गराउने।
८. अन्तर्राष्ट्रिय बजारमा नेपालको शिक्षा सेवाको पहुँच विस्तार गर्न बजार अध्ययन, अन्तर्राष्ट्रिय ब्रान्डिङ तथा रणनीतिक प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने।

स्वास्थ्य सेवा व्यापारसम्बन्धी कार्यनीतिहरु

१. नेपाललाई विश्वसनीय स्वास्थ्य सेवा गन्तव्यका रूपमा विकास गरी स्वास्थ्य सेवामा निर्यात अभिवृद्धि गर्ने।
२. स्वास्थ्य र पर्यटन सेवाबीच समन्वय गरी एकीकृत सेवा प्याकेजको रुपमा Medical and Wellness Tourism को विकास गर्ने।
३. टेलिमेडिसिन, इ-हेल्थ र अनलाइन परामर्श सेवा प्रवर्धन गरी डिजिटल स्वास्थ्य सेवा विस्तार गर्ने।
४. चिकित्सक, नर्स, प्राविधिक तथा अन्य स्वास्थ्यकर्मीलाई लक्षित गरी अन्तर्राष्ट्रिय मापदण्डबमोजिमका तालिम सञ्चालन तथा सीप प्रमाणीकरण प्रणाली विकास गरी विशेषज्ञ स्वास्थ्य सेवा क्षमता अभिवृद्धि गर्ने।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. अस्पताल, प्रयोगशालालगायतका स्वास्थ्य संस्थाहरूमा अन्तर्राष्ट्रियस्तरको गुणस्तर सुनिश्चित गर्न प्रत्यायन प्रणाली (Accreditation System) सुदृढ गर्ने।

६. अन्तर्राष्ट्रिय अस्पताल, विश्वविद्यालय तथा अनुसन्धान संस्थाहरूसँग सहकार्य गरी अनुभव तथा जनशक्ति आदानप्रदान, जैविक चिकित्सा, संयुक्त अनुसन्धान, स्वास्थ्य प्रविधि (HealthTech), प्रविधि हस्तान्तरण र क्षमता विकासलाई प्रोत्साहन गर्ने।

७. अन्तर्राष्ट्रिय स्वास्थ्य सम्मेलन तथा प्रदर्शनीमा सहभागिता एवं देशगत स्वास्थ्य सेवा प्रवर्धन अभियान सञ्चालन गरी नेपाललाई अन्तर्राष्ट्रियस्तरको स्वास्थ्य सेवा गन्तव्यका रूपमा विकास गर्ने।

## कार्यान्वयन कार्ययोजना

| क्र.सं | कार्यनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | | पर्यटन सेवा | | | |
| १. | गुणस्तरीय पूर्वाधार विकासका लागि सार्वजनिक, निजी तथा वैदेशिक लगानी प्रवर्धन गर्ने। | १. पर्यटन पूर्वाधार विकासका लागि सम्भावित आयोजना पहिचान गरी परियोजना बैंक तयार गर्ने।<br>२. सार्वजनिक-निजी साझेदारी (PPP) तथा वैदेशिक लगानी आकर्षित गर्न लगानी सम्मेलन तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने।<br>३. पर्यटन पूर्वाधारमा | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय योजना आयोग | लगानी बोर्ड नेपाल, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>, नेपाल पर्यटन बोर्ड, प्रदेश सरकार, निजी क्षेत्र | ३-५ वर्ष | पर्यटन पूर्वाधारमा स्वदेशी तथा विदेशी लगानी वृद्धि भई गुणस्तरीय पर्यटन पूर्वाधार विकास भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लगानीका नीतिगत तथा प्रक्रियागत सहजीकरण गर्ने। | | | | |
| २. | पर्यटन क्षेत्रको विकास तथा विस्तारका लागि निजी क्षेत्रको समेत सहभागिता र सहलगानीमा विभिन्न पर्यटन मेला, महोत्सव, गन्तव्य प्रवर्धनका गतिविधिहरू सञ्चालन गर्न सहजीकरण गर्ने। | १. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन मेला र महोत्सव आयोजना गर्ने।<br>२. प्राथमिकता प्राप्त पर्यटन गन्तव्यहरूको प्रवर्धन अभियान सञ्चालन गर्ने।<br>३. निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन प्याकेज तथा प्रचार कार्यक्रम सञ्चालन गर्ने। | नेपाल पर्यटन बोर्ड | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश तथा स्थानीय तह, निजी क्षेत्र | निरन्तर | पर्यटन गन्तव्यको प्रचारप्रसार विस्तार भई पर्यटक आगमन तथा पर्यटन आम्दानी वृद्धि भएको हुने। |
| ३. | नेपाललाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न डिजिटल प्रवर्धन, ब्रान्डिङ तथा अन्तर्राष्ट्रिय बजारमा लक्षित प्रचारप्रसारलाई सुदृढ गर्ने। | १. बहुभाषिक डिजिटल प्रचार सामग्री तथा पर्यटन पोर्टल विकास गर्ने।<br>२. लक्षित अन्तर्राष्ट्रिय बजारमा डिजिटल मार्केटिङ तथा ब्रान्डिङ अभियान सञ्चालन गर्ने। | नेपाल पर्यटन बोर्ड | परराष्ट्र मन्त्रालय, विदेशस्थित नेपाली कूटनीतिक नियोग, निजी क्षेत्र | निरन्तर | नेपालको पर्यटन ब्रान्ड सुदृढ भई अन्तर्राष्ट्रिय बजारमा पहुँच वृद्धि भएको हुने। |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ३. सामाजिक सञ्जाल तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यममार्फत नेपालको पर्यटन प्रवर्धन गर्ने। | | | | |
| ४. | धार्मिक, सांस्कृतिक, साहसिक, प्रकृतिमा आधारित, स्वास्थ्य तथा आरोग्य (Wellness) वेलनेस, हिमाली, ग्रामीण, कृषि, खेलकुद, सम्मेलन तथा चलचित्र पर्यटनलगायत विशिष्टीकृत पर्यटन सेवाको विकास र प्रवर्धन गर्ने। | १. प्राथमिकता प्राप्त विशिष्टीकृत पर्यटन सर्किट विकास गर्ने। २. विषयगत पर्यटन प्याकेज तथा सेवा विकास गर्ने। ३. विशिष्टीकृत पर्यटन सेवाको अन्तर्राष्ट्रिय बजारमा प्रवर्धन गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, नेपाल पर्यटन बोर्ड, प्रदेश तथा स्थानीय तह, निजी क्षेत्र | ३-५ वर्ष | विविधीकृत तथा उच्च मूल्य अभिवृद्धियुक्त पर्यटन प्रवर्धन एवं विकास भएको हुने। |
| ५. | पर्यटन प्रवर्धनमा निजी क्षेत्र, नेपालका विदेशस्थित कूटनीतिक नियोगका साथै गैर आवासीय नेपालीहरूसँग सहकार्य गर्ने। | १. विदेशस्थित नेपाली नियोगमार्फत पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने। २. गैरआवासीय नेपाली सङ्घसंस्थासँग | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | परराष्ट्र मन्त्रालय, नेपाल पर्यटन बोर्ड, गैरआवासीय नेपाली संघ, निजी क्षेत्र | निरन्तर | पर्यटन बजारमा पहुँच विस्तार तथा अन्तर्राष्ट्रिय सहकार्य भएको हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | संयुक्त प्रचार अभियान सञ्चालन गर्ने।<br>३. निजी क्षेत्रसँगको सहकार्यमा अन्तर्राष्ट्रिय Business to Business (B2B) कार्यक्रम आयोजना गर्ने। | | | | |
